# समितिमा प्राप्त भई दर्ता भएका उजुरी एवम् निवेदनहरुः

**१. उजुरी दर्ता नं : ८**

दर्ता मिति : २०८०/०५/१३

उजुरी कर्ता : उज्ज्वल कृष्ण श्रेष्ठ

ठेगाना : ललितपुर

उजुरीको व्यहोरा : नेपाल चिया विकास निगमको टाइपिष्ट (सहायक द्धितिय श्रेणी) पदमा अस्थायी नियुक्ति भएको ललितपुर निवासी निवेदक उज्ज्वल कृष्ण श्रेष्ठको सम्बन्धमा अर्थ मन्त्रालयको मिति २०७६/११/१४ च.नं ६६५ पत्रको विवरण व्यापक गलत र झुटो भएकाले ३ दिन भित्र रद्ध र खारेज गरी निवेदन बारेमा कारबाहीको स्पष्ट निर्णय दिलाई पाउँ ।

विकल्प : निजको पत्र सामान्य प्रशासन मन्त्रालय/ अर्थ मन्त्रालयलाई पठाउन उपयुक्त हुने ।

**२. उजुरी दर्ता नं : ९**

दर्ता मिति : २०८०/०५/१५

उजुरी कर्ता : श्री जीपी शर्मा

ठेगाना : नुवाकोट

उजुरीको व्यहोरा : भारत स्वतन्त्र भएपछि नेपाल-भारत र नेपाल-संयुक्त राज्य बेलायत बीच ई. १९५० मा भएको स्वतन्त्र सन्धि अनुसार हस्तक्षेप भएको नेपालको भूमि प्राप्तिको स्वामित्व ग्रहण गर्न नेपाल सरकारलाई आदेश हुन।

माग गरेको विषय : नेपालको गुमेको भूमिको पुनर्प्राप्ति गर्ने ।

**३. उजुरी दर्ता नं : १०**

दर्ता मिति : २०८०/०५/१९

उजुरी कर्ता : बेनामी निवेदक

उजुरीको व्यहोरा : त्रि. वि. शिक्षण अस्पताल अन्तर्गत मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरको फार्मेसीमा भएको भ्रष्टाचारको छानविन सम्बन्धी ।

माग गरेको विषय : भ्रष्टाचारको छानविन गरी संलग्न दोषी उपर कडा कारबाहीको माग ।

**४. उजुरी दर्ता नं : ११**

दर्ता मिति : २०८०/०५/१९

उजुरी कर्ता : राम जनम कोइरी

ठेगाना : बारा

उजुरीको व्यहोरा : २०७२ को संविधानले फौजदारी अभियोगमा एक पटक अदालतबाट सजाय पाएको व्यक्तिले आजीवन निर्वाचनमा उमेदवार हुन र कुनै पनि सार्वजनिक पद धारण गर्न नपाउने व्यवस्था भएकोले सो संविधानको आधारमा निर्माण भएको निर्वाचन ऐन संशोधन गरी दिने सम्बन्धी । नोट : हाल प्रतिनिधि सभा निर्वाचन ऐन संशोधनको लागि निर्वाचन आयोगले गृह मन्त्रालयमा मस्यौदा पेश गरेको अवस्था छ ।

**५. उजुरी दर्ता नं १३**

दर्ता मिति : २०८०/०५/२२

माग गरेको विषयः किर्ते बैकको संगठित अपराधको शिघ्र छानविनको लागि ध्यानाकर्षण

नाम : पूर्णिमा तथा अन्य पिडित परिवार ।

व्यहोरा : सबैभन्दा ठूलो आर्थिक क्षेत्रको घोटाला गर्ने क्यापिटल मर्चेन्ट बैकको घोटाला नेपालको मिडिया र गैरसरकारी संघसंस्था किनेर दबाइएको र घोटालाका वस्तविक अभियुक्तहरु नेपाल राष्ट्र बैंकका तत्कालीन देखि हालका हाकिमहरुसमेतको सेटिङले हुदै नभएको काहानी बनाएर वास्तविक अभियुक्तहरुलाई चोखो देखाउन खोजिएकोले किर्ते बैकको संगठित अपराधको शिघ्र छानविनको लागि ध्यानाकर्षण ।

**६. उजुरी दर्ता नं १४**

दर्ता मिति : २०८०/०५/२५

माग गरेको विषयः छलफलको लागि झिकाइ पाउँ।

निवेदकको नाम : श्री प्रसाद शिवाकोटी, अध्यक्ष दिवा तथा रात्री बस टिकट बुकिङ संचालक मजदुर संघ नेपाल

व्यहोरा : महानगरपालिकाको कार्यालयसँग छलफलको वातावरण मिलाइदिनुहुन्।

**७. उजुरी दर्ता नं : १५**

दर्ता मिति : २०८०/०५/२७

उजुरी कर्ता : Bhesh Raj Luitel

उजुरीको व्यहोरा : Necessary action to be taken to the public Servants and Formation of Committee for Investigation of Non-implementing FATF/APG Recommendation

**८. उजुरी दर्ता नं : १६**

दर्ता मिति : २०८०/०६/१२

उजुरी कर्ता : आत्माराम पौडेल, कार्यालय प्रमुख, नेपाल पशुपंक्षीजन्य व्यवसायी संघ, केन्द्रीय कार्यालय, बाँके

उजुरीको व्यहोरा : करदाता ईजाजत प्राप्त पशु व्यवसायीले पशुको ढुवानी गर्दा प्रहरीद्वारा आफ्नो क्षेत्राधिकार भन्दा बाहिर प्रवेश गरेर मौखिक, आदेश गरेर मवेशी चौपाया वस्तुभाउको ओसारपसार तथा खरिद बिक्री गर्ने कुरामा अवरोध पैदा गरेकाले सो कार्य नगर्नु नगराउनु भनी अदालतबाट भएको आदेश कार्यान्वयन गर्नुपर्ने सम्बन्धी उजुरी ।

माग गरेको विषय : नेपालमा घर पालुवा पशुको व्यवसाय बन्द गर्ने हो भने राज्यद्वारा नीतिगत निर्णय गरेर, सूचना जारी गरेर बन्द गर्ने व्यवस्था हुन र यदि कानून सम्मत तरिकाबाट नेपालभित कुनै पनि जात, प्रकार र लिङ्गको घरपालुवा पशु चौपाया खरिद बिक्री र ढुवानी गर्न पाउने हो भने गृह मन्त्रालय मार्फत जिल्ला प्रहरीलाई निर्देशन गर्ने व्यवस्था हुनुपर्ने ।

**९. उजुरी दर्ता नं : १४**

दर्ता मिति : २०८०/०५/२५

उजुरी कर्ता : केदार क्षेत्री (अध्यक्ष, पूर्व अरिनको यातायात प्रा.लि. तथा संयुक्त यातायात व्यवस्थापन समिति) र श्री प्रसाद शिवाकोटी (अध्यक्ष, दिवा तथा रात्री बस टिकट बुकिङ संचालक मजदुर संघ नेपाल)

उजुरीको व्यहोरा : काठमाडौं महानगरपालिकाको कार्यालयले गरेको निर्णयबाट बेलुकीपख काठमाडौं बाहिरबाट उपत्यका प्रवेश गर्दा हुने सवारीको कोटेश्वर देखि नयाँ बसपार्कसम्म हुने चापलाई मनन गर्दै आमव्यवसायी, श्रमिक तथा उपभोक्ताहरुलाई असहज परिस्थितिको सिर्जना गर्ने वातावरण बनाएकोले महानगरपालिकाले गरेको एकात्मक सम्झौता तथा निर्णयहरुको बारेमा विस्तृत छलफल आवश्यक रहेको हुँदा छलफलको वातावरण मिलाईदिने सम्बन्धी ।

**१०. उजुरी दर्ता नं : २१**

पत्रको मिति : २०८०/०८/०१

उजुरी कर्ता : शेर बहादुर चन्द

उजुरीको व्यहोरा : प्रहरी अतिरिक्त महानिरीक्षक श्यामलाल ज्ञवालीले प्रहरी सेवामा प्रवेश गर्नु बखत भर्ना छनौटमा निजको नागरिकतामा भएको जन्म मितिको विवरण पेश नगरी, ढाँटी फरक पारी अन्य किर्ते कागजातहरु पेश गरी सरकारी निकायलाई झुक्याई जागिर खाएकाले छानविन गरी आवश्यक कारबाही गरीपाउँ ।

**११. उजुरी दर्ता नं : २३**

पत्रको मिति : २०८०/०८/०६

उजुरी कर्ता : सबै नजिकबाट देख्ने पूर्व सैनिक अधिकृतहरु

उजुरीको व्यहोरा: नागरिकताको उमेर र शैक्षिक प्रमाण पत्र नक्कली भएको छानविन गरी कारबाही गर्न गराउन पाऊँ ।

माग गरेको विषय : नेपाली सेनामा हाल रिक्त रहेको एक रथी पद (रथी सरोज प्रताप राणा)का रिक्त स्थानका लागि दावेदार हाल वरिष्ठ उपरथी रहनु भएका अशोक सिग्देलको नागरिकताको उमेर र शैक्षिक प्रमाण पत्र नक्कली भए नभएको छानविन गरी कारवाही गर्ने ।

**१२. उजुरी दर्ता नं : २४**

पत्रको मिति : २०१८/०५/१४

उजुरी कर्ता : हरिबहादुर के.सी.

उजुरीको व्यहोरा: नेपाल धितोपत्र बौर्डबाट गैरकानूनी काम भएकोले त्यसलाई तत्काल रोकी पाउन उजुरी

माग गरेको विषय : नेपाल राजपत्रमा प्रकाशित नगरिएका र समितिलाई उपलब्ध नगराइएका नियमावली, निर्देशिका, कार्यविधिहरुको कार्यान्वयन तत्काल रोक्न, त्यस अन्तर्गत भए गरेका कार्यहरु बदर गर्न र राजपत्रमा प्रकाशित गराएर बोर्डलाई तत्काल निर्देशन हुन यो उजुरी दिएका छौ। यसका साथै कोही सार्वजनिक लिखत प्रमाणिकरण कार्यविधि ऐन, २०६३ नेपाल कानून ब्याख्या सम्बन्धी ऐन, २०१० केही सार्वजनिक लिखत प्रमाणिकरण नियमावली , २०६३ को व्यवस्थाबारे पनि ध्यानकर्षढ गराउछौ।

**१३. उजुरी दर्ता नं : २५**

पत्रको मिति : २०८०/०८/१४

उजुरी कर्ता : सच्चा देशभक्त सर्वसाधारण नेपाली नागरिक

उजुरीको व्यहोरा: नेपाली सेनाको रथी पदमा सिफरिस भएका व्यक्तिको शैक्षीक प्रमाण पत्र र नागरिकताको उमेर छानबीन गरी कारबाही गरी पाउँ।

माग गरेको विषय : सेनाको रथी पदमा श्री अशोकराज सिक्देलको नियुक्ति हुनु पूर्वनै उहाको जन्ममिति सम्बन्धी विवाद उपर कारवाहीको प्रकृया अघी बढाइ अनुसन्धानबाट जन्म मिति सम्बन्धी विवादको तुङ्गो लगाउने।

**१४.उजुरी दर्ता नं : २८**

पत्रको मिति : २०८०/०८/२७

उजुरी कर्ता : सिताराम न्यौपाने, नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघका अध्ययक्ष

उजुरीको व्यहोरा: क्रसर, बालुवा तथा खानी उद्योगहरुको नविकरण, समस्या समाधान सम्बन्धमा ।

माग गरेको विषय : क्रसर, बालुवा तथा खानी उद्योगहरुको नविकरण, समस्या समाधान सम्बन्धमा ।

**१५. उजुरी दर्ता नं : २९**

पत्रको मिति : २०८०/०९/०१

उजुरी कर्ता : सुसन भट्टराई

उजुरीको व्यहोरा: गैर कानूननी कार्य गर्ने जनप्रतिनिधिलाई कारवाही गरी सुशासन र न्यायको प्रत्याभुति गराइपाउँ ।

माग गरेको विषय : नेपालको संविधानको धारा २५ ले ग्यारेन्टी गरेको सम्पत्तिको हक दिलाइ सुशासन र न्यायको प्रत्याभुति गराइदिनु ।

**१६. उजुरी दर्ता नं : ३२**

पत्रको मिति : २०८०/०९/०६

उजुरी कर्ता : ललिता चौलागाइ, सरसवती ढकाल तथा ९ जना।

उजुरीको व्यहोरा: रोक्का फुकुवा गरि पाउँ ।

माग गरेको विषय : उल्लेखित जग्गाहरु तत्काल रोक्का फुकुवा गर्न आवश्यक व्यवस्था गरिदिने ।

**१७. उजुरी दर्ता नं : ३३**

पत्रको मिति : २०८०/०९/०८

उजुरी कर्ता : दिलशा राज्यलक्ष्मी देवी राना

उजुरीको व्यहोरा: जग्गा रोक्का फुकुवाकोलागि आवश्यक निर्देशन गरी पाउँ ।

माग गरेको विषय : जग्गा रोक्का फुकुवाकोलागि आवश्यक निर्देशन गरी पाउँ ।

**१८. उजुरी दर्ता नं : ३६**

पत्रको मिति : २०८०/०९/११

उजुरी कर्ता : डा. उपेन्द्र गौतम

उजुरीको व्यहोरा: शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट गैरकानूनी रुपमा निजी कलेज माथि भएको हस्तक्षेपबाट पुगेको क्षतिपूर्ति दिलाइ दिई नियमानुसार स्वामित्ववाला संस्थापकबाट कलेज संचालन गर्ने व्यवस्था गराइदिने वारे ।

माग गरेको विषय : शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट गैरकानूनी रुपमा निजी कलेज माथि भएको हस्तक्षेपबाट पुगेको क्षतिपूर्ति दिलाइ दिई नियमानुसार स्वामित्ववाला संस्थापकबाट कलेज संचालन गर्ने व्यवस्था गराइदिने वारे ।

**१९. उजुरी दर्ता नं : ३७**

पत्रको मिति : २०८०/०९/१६

उजुरी कर्ता : आर.के. अधिकारी

उजुरीको व्यहोरा: नेपालको संविधान विपरित समाज कल्याण परिषदका उपाध्यक्ष श्रीमती मोनिका भट्टराई अधिकारीको नियुक्ति अविलम्ब खारेजी गरी भ्रष्टचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम कानूनी कारवाही गरियोस सम्बन्धमा ।

माग गरेको विषय : नेपालको संविधान विपरित समाज कल्याणपरिषदका उपाध्यक्ष श्रीमती मोनिका भट्टराई अधिकारीको नियुक्ति अविलम्ब खारेजी गरी भ्रष्टचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम कानूनी कारवाही गरियोस सम्बन्धमा ।

**२०.उजुरी दर्ता नं : ३९**

पत्रको मिति : २०८०/०९/२४

उजुरी कर्ता : हरिभक्त महतारा

उजुरीको व्यहोरा: फैसला कार्यन्वयन सम्बन्धमा ।

माग गरेको विषय :

**२१. उजुरी दर्ता नं : ४०**

पत्रको मिति : २०८०/०९/२४

उजुरी कर्ता : टिका राई (शिव)

उजुरीको व्यहोरा: प्रहरी ऐन तथा नियमावली कार्यविधिको संशोधन सम्बन्धमा ।

माग गरेको विषय : बौद्धिक सम्पत्तिको कानून संशोधन गर्नुपर्ने कानूनको तीन महले समेत समावेश गरी आवश्य पहल गरिदुनुहन् ।

**२२. उजुरी दर्ता नं : ४१**

पत्रको मिति : २०८०/०९/२४

उजुरी कर्ता : भेषराज लुइटेल

उजुरीको व्यहोरा: राष्ट्रिय सुरक्षा सल्लाहकारको नियुक्ति सम्बन्धमा सरकारले गरेको गैरकानूनी काम खारेज गर्नको लागि अनुरोध ।

माग गरेको विषय :

**२३. उजुरी दर्ता नं : ४२**

पत्रको मिति : २०८०/०९/२४

उजुरी कर्ता : सुशासन प्रेमी नेपाली जनताहरु

उजुरीको व्यहोरा: आवश्यक छानविन गरि पाउँ भन्ने वारे।

माग गरेको विषय : संघीय संसदका महासचिवको नागरिकताको विषय छानविन गर्ने।

**२४. उजुरी दर्ता नं : ४४**

पत्रको मिति : २०८०/०९/२९

उजुरी कर्ता : करार कर्मचारी हीत संघर्ष समिति २०८० निजामति कर्मचरी अस्पताल ।

उजुरीको व्यहोरा: कर्मचारीको जायज तथा बैधानिक माग सम्बोधन गरी पाउँ ।

माग गरेको विषय : यस अस्पतालमा कामकाज गर्दै आएको पद तथा दरबन्दीमा पूर्ववत सेवा सुविधा कायम हुने गरी सेवाको निरन्तरता / यस अस्पतालमा चार वर्ष सेवा पुगेका कर्मचारीलाई स्थायी पदपूर्ती गराउने प्रक्रियामा सहभागिहुने अवसरको सुनिश्चितता ।

**२५. उजुरी दर्ता नं : ४५**

पत्रको मिति : २०८०/०९/२९

उजुरी कर्ता : रुक्साना कपाली

उजुरीको व्यहोरा: पारलैङ्गिक व्यक्तिहरुको लैङ्गिक पहिचान कायम सम्बन्धी कानून तर्जुमा गरी पाउँ।

माग गरेको विषय :

**२६. उजुरी दर्ता नं : ४६**

पत्रको मिति : २०८०/१०/०३

उजुरी कर्ता : नेपाल टेलिभिजनका सबै कर्मचारी

उजुरीको व्यहोरा: भ्रष्टचार सम्बन्धी छानविन गरी पाउँ ।

माग गरेको विषय : सञ्चार तथा सुचना प्रविधि मन्त्रालय मातहतको नेपाल टेलिभिजन चरम भष्ट्राचारका कारण बन्द हुने अवस्थामा पुगेको छ। यहाँका भ्रष्टाचारका धेरै काण्डहरु छन् त्यसको छानविन गरि पाउँ।

**२७.उजुरी दर्ता नं : ४७**

पत्रको मिति : २०८०/१०/०४

उजुरी कर्ता : श्रीराम महर्जन, सुपर बागमती हाइड्रोपावर लिमिटेडको अध्यक्ष

उजुरीको व्यहोरा: राष्ट्रिय वन क्षेत्रको जग्गा तथा रुख कटान गर्न दिने विषयमा मन्त्रीपरिषदबाट मिति २०८०/०५/२९ मा भएको निर्णयको दफा ५ मा संशोधन बारे।

माग गरेको विषय :

**२८. उजुरी दर्ता नं : ४८**

पत्रको मिति : २०८०/१०/०७

उजुरी कर्ता : अनिल सिंह, अजय कुमार गुप्त लगायत ८ जना

उजुरीको व्यहोरा: झुट्टो विवरण पेश गरी लिएको नागरिकता, राहदानी बदर गरी थप कारवाही गरी पाउँ ।

माग गरेको विषय :

**२९.उजुरी दर्ता नं : ४९**

पत्रको मिति : २०८०/१०/०९

उजुरी कर्ता : श्रीराम खनाल, उपन्यायाधीवक्ता

उजुरीको व्यहोरा: आवश्यक समन्वय सम्बन्धमा ।

माग गरेको विषय : संसद र संसदीय समितिमा सुनको अवैध पठारीको विषमा भएको छलफलहरुको अभिलेख आयोगलाइ उपलब्ध गराइदिनु ।

**३०. उजुरी दर्ता नं : ५०**

पत्रको मिति : २०८०/१०/०९

उजुरी कर्ता : युवराज सफल

उजुरीको व्यहोरा: निज रवि लामिछानेलाई आवश्यक छानविनको लागि छलफल गराइ पाउँ।

माग गरेको विषय : सहकारी ठगी प्रकरणमा छानविन गरी पाउँ ।

**३१. उजुरी दर्ता नं : ५२ स्काउट सम्बन्धी उजुरी**

पत्रको मिति : २०८०/१०/१४

दर्ता मिति :

उजुरी कर्ता : सन्तोष चौहान

उजुरीको व्यहोरा: सम्मानीत उच्च अदालत पातनको फैसला कार्यन्वयनको लागि आवश्यक सहयोग गरिदिने बारे।

माग गरेको विषय :

कारबाही : मिति २०८१/०८/२५ गतेको समितिको बैठकमा वितरण गरिएको ।

**३२. उजुरी दर्ता नं : ५४**

पत्रको मिति : २०८०/१०/१६

**(सक्कलै कागजात आवश्यक कारवाहिका लागि शिक्षा मत्रालय पठाइएको)**

उजुरी कर्ता : देव बहादुर खनाल

उजुरीको व्यहोरा: आवश्यक कारवाही गरी पाउँ ।

माग गरेको विषय : सरकारी राज्य कोषको रकम दुरुपयोग गरी निजी व्यक्तिको सम्पत्ति कब्जा गरी विद्यालयको भवन निर्माण गर्न विद्यालयका प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्ष र अन्य सरकारी व्यक्तिहरुको छानविन गरी हिनामिना गरेको राज्यकोषको रकम फिर्ता गर्न लगाइ असुल उपर गर्ने।

**३३. उजुरी नं :दर्ता नं ५५**

पत्रको मिति : २०८०/१०/१७

उजुरी कर्ता : हीरा बहादुर जि.सी.

उजुरीको व्यहोरा: कारवाही गरी पाउँ ।

माग गरेको विषय : नेपाल विद्युत प्राविकरणका कार्यकारणी प्रमुखलाई झिकाइ पीडितलाई उचित न्यायको माग।

**३४.उजुरी दर्ता नं : ५७**

पत्रको मिति : २०८०/१०/२५

उजुरी कर्ता : राम बहादुर यादव

उजुरीको व्यहोरा: छलफल तथा अन्तरक्रिया कार्यको लागि समय उपलब्ध गराइदिनु हुन्।

माग गरेको विषय :

**३५. उजुरी दर्ता नं :५८**

पत्रको मिति : २०८०/१०/२५

उजुरी कर्ता : पीडित होटेल व्यवसायी

उजुरीको व्यहोरा: ६०० भन्दा बढी होटेललाई लाइसेन्स दिन माग गर्दछौं ।

माग गरेको विषय :

**३६. उजुरी दर्ता नं : ५९**

पत्रको मिति : २०८०/१०/२९

उजुरी कर्ता : विष्णु गुरुङ, राधा सुवेदी लगायतका ९ जना

उजुरीको व्यहोरा: सहकारी निक्षप रकम ठगी गर्ने उपर कारवाही गर्न सम्बन्धित निकायलाई लेखि पठाइ पाउँ ।

माग गरेको विषय :

**३७. उजुरी दर्ता नं : ६३**

पत्रको मिति : २०८०/१०/२८

उजुरी कर्ता : पूर्व राष्ट्रिय पञ्चायत सदस्य नानी माया दाहाल

उजुरीको व्यहोरा: पूर्व माननीय राष्ट्रिय पञ्चायत सदस्यको परिचय पत्र पाउँ ।

माग गरेको विषय :

**३८. उजुरी दर्ता नं :५९**

पत्रको मिति : २०८०/१०/२९

उजुरी कर्ता : विष्णु गुरुङ, राधा सुवेदी लगायतका ९ जना

उजुरीको व्यहोरा: सहकारी निक्षप रकम ठगी गर्ने उपर कारवाही गर्न सम्बन्धित निकायलाई लेखि पठाइ पाउँ ।

माग गरेको विषय :

**३९. उजुरी दर्ता नं : ६३**

पत्रको मिति : २०८०/११/१३

उजुरी कर्ता : कृष्ण कुमार श्रीवास्तव जितपुर, बारा

उजुरीको व्यहोरा: भुपेन्द्र भण्डारीलाई नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्ति बारे।

माग गरेको विषय :

**४०. उजुरी दर्ता नं : ६४**

**(सक्कलै कागजात अर्थ मन्त्रालय पठाइएको)**

पत्रको मिति : २०८०/०८/२९

उजुरी कर्ता : विमा संस्थानका सेवा निर्वित कर्मचारीहरु अर्जुन कुमार कंडेल, सुनिल कुमार घिमिरे लगायतका ५ जना।

उजुरीको व्यहोरा: अनुभव र योग्यता नपुगेको अध्यक्षलाई हटाइपाउँ ।

माग गरेको विषय : अनुभव र योग्यता नपुगेको अध्यक्षलाई हटाइपाउँ ।

**४१.उजुरी दर्ता नं : ६५**

पत्रको मिति : २०८०/११/१३

उजुरी कर्ता : कृष्णकुमारी पौडेल खतिवडा, सदस्य, राष्ट्रिय महिला आयोग

उजुरीको व्यहोरा: गलत निर्णय पठाएको जानकारी सम्बन्धमा ।

माग गरेको विषय : भवनका सम्बन्धमा ।(आयोगका लागि सरकारले )

**४२. उजुरी दर्ता नं : ६६**

**(सक्कलै कागजात आवश्यक कारवाहिका लागि गृह मन्त्रालय पठाइएको)**

पत्रको मिति : २०८०/११/८

उजुरी कर्ता : राम कुमार कार्की

उजुरीको व्यहोरा: १ क्षतिपुर्ति सहित जिवित न्याय पाउँ, मुद्दाका फाइलहरु झिकाइ छानविन सहित घनिभुत छलफल चलाई दोष र दोषि एकिन गरी कानून सम्मत कारवाही गरि/गराई पाउँ, आवश्यक निर्देशन आज्ञा आदेश पुर्जि जारि गरि पाउँ।

२ मौलिक हकको पूर्ण प्रत्याभुति सहित शान्ति सुरक्षाको ग्यारेन्टी गरि आर्थिक सुनिश्चितता सहित बाँच्ने आधारको लागि तत्काल आर्थिक राहतको व्यवस्था गर्न तथा उजुरी कार्यन्वयनको लागि आवश्यक जो चाहिने आज्ञा आदेश सिफारिस पुर्जि निर्देशन जारी गरि गराई पाउँ।

माग गरेको विषय :

**४३.उजुरी दर्ता नं : ७२**

**(सक्कलै निवेदन गृह मन्त्रालय पठाइएको)**

पत्रको मिति : २०८०/१२/१३

उजुरी कर्ता : दिनेश पौडेल

उजुरीको व्यहोरा: छानबिन गरी कानुन बमोजिम कारबाही गरी पाउँ।

माग गरेको विषय :

४४. **उजुरी दर्ता नं : ६८**

पत्रको मिति : २०८०/११/२०

बोधार्थ: अनाधिकृत अमेरीकी भ्रमण रोक्न निर्देशन गरी पाउँ ।

४५. **उजुरी दर्ता नं : ७५**

पत्रको मिति : २०८०/१२/२०

उजुरी कर्ता : श्रीराम ढुंगाना, संयोजक र सनत उप्रेती उप-संयोजक

उजुरीको व्यहोरा: ल्याण्डफिलसाईट प्रभावित क्षेत्रका नागरिकहरुको जिउधन रक्षाका लागि ध्यानाकर्षण गराईएको बारेमा।

माग गरेको विषय :

**४६.उजुरी दर्ता नं : ७६**

पत्रको मिति : २०८०/१२/३०

उजुरी कर्ता : शिव प्रसाद गौतम

उजुरीको व्यहोरा: आवश्यक कार्वाहीको सम्बन्धमा ।

माग गरेको विषय : द्वन्द्व पिडितले पाउने क्षतिपूर्तिको पहल ।

४७. **उजुरी दर्ता नं : ७८**

पत्रको मिति : २०८१/०१/०२

उजुरी कर्ता : बेनामी (सहसचिव, गृह मन्त्रालय)

उजुरीको व्यहोरा: उजुरी सम्बन्धमा ।

माग गरेको विषय :

**४८. उजुरी दर्ता नं : ७९**

पत्रको मिति : २०८१/०१/२३

उजुरी कर्ता : दान बहादुर शाही

उजुरीको व्यहोरा:

माग गरेको विषय :जबरजस्ती बेपत्ता पारी ज्यान सम्बन्धी कसूरदार उपर छानबिन गरी कारवाही गरी पाउँ ।

**४९. उजुरी दर्ता नं : ८४**

**(आवश्यक कारवाहिको लागि गृह मन्त्रालय लेखि पठाइएको)**

पत्रको मिति : २०८१/०२/३१

उजुरी कर्ता : ओमप्रकाश चौधरी

उजुरीको व्यहोरा: नागरिकता र राहदानी खारेज गरी निज व्यक्तिहरु माथि हदै सम्मको कानूनी कारवाही गरी गराई दिनु हुन।

माग गरेको विषय : आवश्यक करवाही गरी गराई पाउँ भन्ने वारे।

## आर्थिक वर्ष २०८१/०८२

**५०. उजुरी दर्ता नं : १**

**(सक्कलै कागजात कृषि, सहकारी तथा प्राकृति स्रोत समितिमा पठाइएको)**

पत्रको मिति : २०८१/०४/२४

उजुरी कर्ता : निखत परविन अंसारी

उजुरीको व्यहोरा: आवश्यक कागजात झिकाइ पाउ।

माग गरेको विषय : छानविन गरि आवश्यक कारवाही गरि पाउँ।

**५१. उजुरी दर्ता नं : ३**

पत्रको मिति : २०८१/०५/१९

उजुरी कर्ता : बृहत्तर जनकपुर क्षेत्र बिकास परिषद

उजुरीको व्यहोरा: आवश्यक कागजात झिकाइ पाउ।

माग गरेको विषय : छानविन गरि आवश्यक कारवाही गरि पाउँ।

**५२. उजुरी दर्ता नं : नं ४**

पत्रको मिति : २०८१/०५/२०

उजुरी कर्ता : मोहम्मद सहाबुदिन, क्षेत्रिय सभापति पर्सा

उजुरीको व्यहोरा: नक्कली बाबु बनेर नागरिकता दिलाएको विषयको मुद्दालाई चाढै टुङ्गो लागाउने ।

माग गरेको विषय : छानविन गरि आवश्यक कारवाही गरि पाउँ।

**५३. उजुरी दर्ता नं : ५**

**(सक्कलै निवेदन गृह मन्त्रालय पठाइएको)**

पत्रको मिति : २०८१/०५/२४

उजुरी कर्ता : रामपाल कैरातीको छोरी फौजदार प्रसाद कुर्मीको पत्नी जिल्ला बाँके नेपालगंज उ.मन.पा. वडा नं २२ बस्ने शसिकला कैराती

उजुरीको व्यहोरा: द्रोपति कुर्मिनीले झुठ्ठा विवरण पेश गरी प्राप्त गरेको नागरिकता बदर गरी सजाय गरी पाउँ।

माग गरेको विषय : थप प्रमाण बुझी नागरिकता रद्द गरी पाउँ।

**५४. उजुरी दर्ता नं : ८**

पत्रको मिति : २०८१/०५/२७

उजुरी कर्ता : रोजन पाण्डे

उजुरीको व्यहोरा: पदपुर्ति समितिको सिफारिस र सफल उम्मेदवारको शैक्षिक प्रमाणपत्र उपर छनविन गरी नियुक्ति बदर गरी पाउँ

माग गरेको विषय : रेडियो प्रसार सेवा विकास समितिमा रिक्त रहेको "गायन/वाद्य संयोजक" पदको २०८०/०३/२९ मा भएको विज्ञापन नं. ४४/०७९/८० बाट खुला प्रतियोगिताबाट भएको पदपूर्तिमा अनियमितता भएकोले छानविन गरि पाउँ।

**५५.उजुरी दर्ता नं : ९**

पत्रको मिति : २०८१/०५/१४

दर्ता मिति : २०८१/०६/३०

उजुरी कर्ता : गंगा सुवेदी

उजुरीको व्यहोरा: श्रीमान् बेपत्ता रहि प्रस्तुत गर्न नसकेको अवस्थामा आमाको नाबाट नागरिकता प्राप्त गर्न सहजिकरण गरिदिनुहुन्।

माग गरेको विषय : नागरिकता नपाएको उजुरी

कारबाही :

**५६. उजुरी दर्ता नं : १०**

पत्रको मिति : २०८१/०४/३१

दर्ता मिति : २०८१/०६/३०

उजुरी कर्ता : मदनलाल महर्जन

उजुरीको व्यहोरा: न्याय दिलाइ तत्काल शान्ति सुरक्षाको व्यवस्था समेत गरी पाउँ।

माग गरेको विषय : रेष्टुरेन्ट सञ्चालकले कब्जा गरी राखेको जग्गा खालि गराइ पाउँ

**५७.उजुरी दर्ता नं : ११**

**(सक्कलै निवेदन अर्थ मन्त्रालय पठाइएको)**

पत्रको मिति : २०८१/०८/१०

दर्ता मिति : २०८१/०८/१०

उजुरी कर्ता : उज्जवलकृष्ण श्रेष्ठ

उजुरीको व्यहोरा: "अर्थ मन्त्रालयको मिति २०७६/११/१४, च.नं. ६६५ पत्रमा मलाई मिति २०४९/४/१ गतेबाट अस्थायीमा म्याद थप नभएको सम्बन्धमा स्पष्ट निर्णयको विवरण उल्लेख नगरेकोले गर्दा पत्रको सम्पूर्ण विवरण व्यापक गलत र झुठ भएकोले अबिलम्ब २४ घण्टा भित्र उक्त पत्र खारेज र बदर गरी निर्णय पाउँ"

माग गरेको विषय :

**५८. उजुरी दर्ता नं : १२**

पत्रको मिति : २०८१/०९/०४

दर्ता मिति : २०८१/०९/०४

उजुरी कर्ता : राम नारायण डंगोल

उजुरीको व्यहोरा: राजस्व अनुसन्धानबाट सूचना दिए वापत पाउन पर्ने कमिसन नपाएको सम्बन्धमा।

माग गरेको विषय : राज्यले सूचना दिए बापत दिनुपर्ने परस्कार स्वरुप कमिसन हाल सम्म पनि नपाएको हुदा कमिसन रकम राज्यबाट दिलाउन पहल गरिदिनुहुन्।